**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

# कोभिड - १९ का संक्रमितको संख्या बढेसंगै बिरामीको उपचार र व्यवस्थापन बिच तालमेल मिलाउन नयाँ टिमको गठन

## टिमको संरचना

- गुणस्तर तथा नियमन महाशाखा प्रमुख, संयोजक
- सिसिएमसि, प्रतिनिधि सदस्य
- मेडिकल काउन्सील, प्रतिनिधि सदस्य
- निजि अस्पताल छाता संगठन, प्रतिनिधि सदस्य

→

## उद्देश्य

- अनुगमन गर्ने
- सुरक्षाको व्यवस्थापन गर्ने
- नियमन गर्ने

→

## टिमले निम्न प्रश्नहरुलाई सम्बोधन गर्नेछ

- सबै किसिमका अस्पतालहरुबाट के कस्ता सेवाहरु सुचारु भएका छन् ?
- के कस्ता सेवाहरु सुचारु हुनुपर्थ्यो ?
- ति सेवाहरु किन सुचारु भएका छैनन् ?
- त्यो सुचारु गर्नका लागि के गर्नु पर्दछ ?

# नेपाल अपडेट



बुटवलको आईसोलेशन सेन्टरबाट सञ्चो भएकी ७ वर्षिया बालिकालाई बिदाई गर्दै उप-महानगर प्रमुख शिबराज सुवेदी

तस्बिर: भवानी प्रसाद पाण्डे

**परिक्षण**

पिसिआर: १,००,९७१

आरडिटि: १,५६९,९१

पोजेटिभ: ३,७६२

उपचाररत: ३,२६१

मृत्यु: १४






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



**सरकारले श्रम बैंक स्थापना गर्ने रे । फेरी यो कस्तो बैंक हो ?**

यस अन्तरगत सरकारले पहिला श्रम बजारमा प्रवेश गर्ने श्रम शक्तिको योग्यता, ज्ञान, सीप, दक्षता तथा अनुभवको लेखांकन गर्नेछ । त्यस पछी कुन क्षेत्रमा रोजगारको अवसर छ भनी आवश्यक विवरण संकलन गर्नेछ । यसरी भविश्यमा श्रम बजारमा कुन-कुन क्षेत्रमा संलग्न हुन सकिन्छ भनी काम मिलान (Job Matching) गरी रोजगारी सृजना गर्ने उद्देश्यले श्रम (सूचना) बैंकको अवधारणा सरकारले अघी सारेको हो ।

स्रोत: https://moless.gov.np/?p=3372#post/0



**सुदूरपश्चिम प्रदेश सरकारले कोभिड - १९ परिक्षणका लागि थप स्वाब संकलन नगर्न मातहतका स्वास्थ्य कार्यालयलाई निर्देशन दिएको छ भन्ने सुनिन्छ । के यो साँचो हो ?**

सुदूरपश्चिममा रहेको एक मात्र सेती प्रादेशिक अस्पतालको प्रयोगशमा ११०० भन्दा बढी स्वाब राख्न नसकिने अवस्था छ । हाल अस्पतालको प्रयोगशालामा दैनिक २५० जनाको पिसिआर परीक्षण भईरहेको छ । प्रयोगशालामा तत्काल थप स्वाब राख्न सकिने अवस्था छैन । हालको अवस्थामा संकलित स्वाबको परीक्षण गर्न कम्तिमा पनि ४ दिन लाग्छ । स्वाब स्टोरेज गर्न आवश्यक पर्ने डिपफ्रिजको अभाव हुँदा थप स्वाब संकलन गर्ने कार्य रोकिएको हो ।

स्रोत: डा. गुणराज अवस्थी, निर्देशक, सुदूरपश्चिम स्वास्थ्य निर्देशनालय
०९४ ४४०१२०/४४०२७८



**अब त निजि अस्पतालले पनि कोभिड - १९ को परिक्षण गर्दैछ रे। के मैले पनि परिक्षण गराउन पाउँछु ?**

कोभिड - १९ को परिक्षणको लागि तयार गरिएको निर्देशिका अनुसार परिक्षणको पहिलो प्राथमिकतामा, विदेशबाट आएका, बढी संक्रमण देखिएको क्षेत्रबाट आएका र संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरु हुनेछन् । दोस्रो प्राथमिकतामा, कोभिड - १९ का बिरामीको प्रत्यक्ष सम्पर्कमा रहेका स्वास्थ्यकर्मी तथा कर्मचारी र आकस्मिक स्वास्थ्य सेवा चाहिने र कोभिड - १९ का शंकासपद बिरामीहरु रहनेछन् । त्यसै गरेर तेस्रो प्राथमिकतामा, तिव्र गतिमा संत्रमण फैलिरहेको समुदायका व्यक्तिहरु र लक्षण देखिएका तर माथी उल्लेख गरिएको कुनै पनि समुहमा नपर्ने व्यक्तिहरु हुनेछन् । लक्षण नदेखिएका, संक्रमितको सम्पर्कमा नआएका, ट्राभल हिष्ट्री नभएका र स्वस्फुर्त रुपमा परिक्षण गर्न चाहनेहरुलाई भने परिक्षणको प्राथमिकतामा राखिने छैन ।

स्रोत: https://drive.google.com/file/d/16qC8AD3q-0E-pQtRr2Hca8S3Evg6GgrM/view



**सरकारले अब सहयोगीबाट थोरै सहयोग स्वीकार्दैन हो ?**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा प्रदान गरिने सहायता सामाग्रीको न्युनतम मूल्य रु. ५ लाख बराबरको हुनुपर्नेछ । त्यसै गरेर, सहायता सामाग्री प्रदान गर्ने निकायले जुन प्रयोजनको लागि सहायता प्रदान गर्ने हो, सो को लागि आवश्यक पर्ने सम्पूर्ण Assoceries समेत संलग्न गरी एकमुष्ट सेटको रुपमा प्रदान गर्नु पर्नेछ । जस्तै: PPE सेट भित्र मास्क, क्याप, एप्रोन, ग्लोब्स, बुट, कभर, गगल्स समावेश भएको पूर्ण सेट ।

स्रोत: https://drive.google.com/file/d/1j4HXkyuKmzl8Uaj8u5Y-Y0GvsZu1vIx3/view




## COVID-19

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **32100** मा डायल गर्नुहोस्।

viamo द्वारा प्रस्तुत

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| १,०१,९१४ संक्रमित | ३१,८४८ संक्रमित | १४,७६३ संक्रमित | ६८,७९० संक्रमित | ३८,८०८ संक्रमित | १७,४८६ संक्रमित | ८,३२९ संक्रमित | ११,८१४ |
| १३६४ नेपाली संक्रमित | ६५० नेपाली संक्रमित | ३११ नेपाली संक्रमित | ६,९११ नेपाली संक्रमित | १६०० नेपाली संक्रमित | | ८१ नेपाली संक्रमित | |
| ८ मृत्यु भएका नेपाली | २ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १९ मृत्यु भएका नेपाली | | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

### श्रमिकहरुको “घर जान पाउँ” अभियान सुरु भएको १ महिना ५ दिन

- यूएईको सारजाहबाट काठमान्डौंको लागी भएको उडान मार्फत १६८ जना आफ्नो घर फिर्ता भएकाछन् भने, अन्य २६ जना नेपालीहरु पनि म्यानमारबाट स्वदेश फिर्ता भएका छन् ।
- पहिलो उडान भएपनि अन्य उडान कहिले, कहाँबाट, कतिवटा र कसरी हुने भन्ने कुनै तालिका आईसकेको छैन । सरकारले बनाएको कार्ययोजना अनुसार कोभिड - १९ को संक्रमण नभएको मेडिकल रिपोर्ट चाहिने भनिएको छ, तर सम्बन्धीत देशमा पिसिआर टेस्ट महँगो हुनुका साथै कतिपय श्रमिकलाई कहाँबाट कसरी गर्ने भन्ने बिषयमा समेत राम्रो जानकारी नहुनाले यसको अन्यौलता कायम छ । चाँडै नै यसको विषयमा ठोस निर्णय हुनेछ ।
- कुनै पनि एयरलाइन्सहरुले नेपाल आउने र जाने अनुमती नपाईसकेको अवस्थामा केही एयरलाइन्सले बिदेशबाट घर फर्कने नेपालीहरुका लागि टिकट बुकिङ सुरु गरेको भन्ने विभिन्न माध्यामबाट सुनिन आएकोले  यस्तो भ्रममा नपर्न र टिकट बुकिङ वा किन्ने काम नगर्न नेपाल नागरिक उड्डयन प्राधिकरणले अनुरोध गरेको छ ।

# $ फलो द मनी

## संघिय सरकार

### जम्मा

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्व ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्व २६ करोड**

**दाता**

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

### खर्च

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब १ अर्व ८ करोड**

रक्षा मन्त्रालय माफर्त कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.३ करोड | करिब ६१ करोड | करिब ४० करोड | करिब १५ करोड | करिब २३.६ करोड | करिब ५० करोड | करिब ४०.२ करोड |
| खर्च गरिएको रकम | करिब १७.८ करोड | करिब १७.७ करोड | करिब १२.३ करोड | करिब ९.२ करोड | करिब १३.६ करोड | करिब १३.२ करोड | करिब २०.१ करोड |

## कोभिड - १९ प्रतिकार्य र राहतमा अन्तरराष्ट्रिय गैह्र सरकारी संस्थाको सहयोग




प्रकृयामा रहेका
रु. २२,८७,३३,६०८

स्वीकृत रकम
रु. ६०,०५,७१,९०२.६४

जम्मा राहत र प्रतिकार्यको लागि छुट्याईएको रकम



**रु. ८२,९३,०५,५१०.६४**

**७२ जिल्ला**

३० वटा अन्तरराष्ट्रिय गैह्र सरकारी संस्थाले उनिहरुको कुल चालुकार्यक्रमको बजेटबाट २० प्रतिशत रकम कोभिड - १९ को लागि राहत र प्रतिकार्यमा खर्च गर्ने गरी अनुमती लिएकाछन् । रु. ६० करोड भन्दा बढी रकम खर्च गर्नको लागि अनुमती पाईसकेकोछ भने, थप २ करोड २० लाख सरकारबाट अनुमतिको पर्खाईमा छ । सो रकम सरकालाई स्वास्थ्य उपकरण खरिद गर्न, खाद्यान्न वितरण गर्न र अन्य राहत प्रदान गर्न सहयोग गरिनेछ । यो सबै रकम स्थानीय सरकारसंगको सहकार्यमा खर्च गरिनेछ । त्यसैले, यसबाट लाभान्वित हुने स्थानीय सरकारको अनुगमन गरी खर्चलाई प्रभावकारी बनाउन जरुरी छ ।

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# महामारीले सिकाएको सकारात्मक पाठ

महामारी आफैमा सकारात्मक कुरा हैन । हाल कोरोना भाईरसको महामारीले विश्व अर्थतन्त्रलाई धरासायी बनाएको छ । मानिसको दैनिकि अस्तव्यस्त बनाएको छ । नेपालको सन्दर्भमा आर्थिक हिसाबले, प्रयटन क्षेत्र सबै बढी भन्दा प्रभावित हुने देखिएको छ । नेपाल सरकार अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण अनुसार आगामी आर्थिक वर्षमा यस क्षेत्रको आर्थिक बृद्धिदर १६.३ प्रतिशतले ऋणात्मक हुने देखाएको छ । तर, यस महामारीले सिकाएका पाठहरूलाई भने नजरअन्दाज गर्न मिल्दैन । यि सिकाईहरूलाई गम्भिरताका साथ लिने हो भने आगामी दिनमा विकासको गतिलाई तिव्रता दिन कठिनाई हुने छैन ।



## महत्वपूर्ण सिकाईहरू

१. स्वास्थ्य सबै भन्दा महत्वपूर्ण रहेछ । सरकारले पहिला स्वास्थ्यलाई प्राथमिकता दिएर मात्र अन्य विकासका गतिविधि सञ्चालन गर्नुपर्ने रहेछ ।

२. श्रम पुजीको सिमा हुदैन भन्ने मान्यता अनुसार, वैदेशिक रोजगारी प्राथमिकतामा थियो । तर, अब श्रम र पुजी स्थानीयकरण हुने अवस्था आयो । स्वदेशमै आत्म निर्भर हुनु पर्ने रहेछ ।

३. संकटमा स्थानीय सरकार अपरिहार्य रहेछ ।

४. सेवा प्रदायक कार्यालयका भौतिक संरचनाहरू भिडभाड नहुने र प्रविधियुक्त हुनुपर्ने रहेछ । जसले गर्दा सेवाग्राही कार्यालयमा नआएर पनि सेवा लिन सक्ने रहेछन्।

५. कम स्रोतको प्रयोगले पनि धेरै काम गर्न सकिने रहेछ । फजुल खर्च जोगाएर राष्ट्रिय ढुकुटी बसलयो बनाउन सकिने रहेछ ।

६. हरेक व्यक्तिले वैकल्पिक जिवन पद्दती बाँच्न अभ्यस्त हुनुपर्ने रहेछ ।

माथी प्रस्तुत गरिएको सामाग्री मिति २०७७ जेष्ठ २५ गते Integrity School का Scholar हरूसंग गरिएको छलफलको सारांश हो ।

सही सूचना

# क्वारेन्टिन स्थल भन्दा पनि गुणस्तरिय क्वारेन्टिन अहिलेको महत्वपूर्ण प्राथमिकता हुनसक्छ

## विदेशबाट क्वारेन्टिनमा बस्न आउनेको संख्या




माथिको ग्राफले विदेशबाट क्वारेन्टिनमा बस्न आउनेको संख्या बिस्तारै घट्दै गईरहेको देखाउँछ । यसले छिमेकी देशहरूबाट थोरै नेपाली कामदारहरु मात्र नेपाल प्रवेश गरिरहेकाछन् भन्ने बुझिन्छ । यद्यपी क्वारेन्टिन व्यवस्थापन अझै पनि चुनौतिको विषय हो । तर पछिल्लो अवस्थाको तुलनामा अहिले क्वारेन्टिनमा रहेका व्यक्तिको व्यवस्थापन गर्न सकिने देखिन्छ । यसरी हेर्दा, अब सरकार क्वारेन्टिन स्थलको सुरक्षाको सुदृढिकरण र रोकथामका उपायमा बढी केन्द्रित हुनु पर्ने देखिन्छ । यदी परिक्षणको गतिमा सुधार आउने हो र समुदायमा हुने संक्रमणको फैलावट रोकिने हो भने, नेपालले चाँडै कोरोनाको महामारी माथी विजय प्राप्त गर्नेछ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि मे महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219